नेपाल सरकार

उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय

जलश्रोत तथा सिंचाइ विभाग

रूपाताल संरक्षण एकिकृत विकास परियोजना

कास्की

नेपाल सरकार
उर्जा जलश्रोत तथा सिंचाइ मन्त्रालय
जलश्रोत तथा सिंचाइ विभाग
रूपाताल संरक्षण एकीकृत विकास परियोजना
पोखरा, कास्की

चौथो त्रैमासीक (वैशाख, जेष्ठ तथा असार महिना)

२०७९/२०८०

# कार्यालयवाट सम्पादित कार्यको विवरण

**(सुचनाको हक सम्वन्धि ऐन २०६४ को दफा (५) ३ को प्रयोजनको लागि )**

रूपाताल संरक्षण एकिकृत विकास परियोजना

कास्की

नेपाल सरकार
ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
रुपाताल संरक्षण एकीकृत विकास परियोजना
पोखरा, कास्की

नेपालको सविधानको धारा २७ मा सूचनाको हकलाई नागरिकको मौलिकहकको रुपमा व्यवस्था गरेको छ । आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको जानकारी पाउने नागरिकको मौलिकहक कार्यान्वयनको लागि सुचनाको हक सम्बन्धी ऐन २०६४ कार्यान्वयनमा आएको छ । उक्त ऐनको दफा (५) ३ मा प्रत्येक सार्वजनिक निकायले प्रत्येक ३।३ महिनामा आफ्नो कार्यालयको सूचनाहरु प्रकाशन गर्नुपर्ने व्यवस्था गरेको छ । यो व्यवस्थालाई कार्यान्वयन गर्न रुपाताल संरक्षण एकीकृत विकास परियोजना, पोखरा, कास्कीले पनि यस्तो सूचनाहरु प्रकाशन गर्न पाउँदा खुसी लागेको छ ।

यो विवरणमा आ. व. ०७९/०८० वैशाख, जेष्ठ र असार महिनाको सूचना तथा अन्य विवरणहरु समावेश गरिएको छ । प्रस्तुत विवरणले रुपाताल संरक्षण एकीकृत विकास परियोजना, पोखरा, कास्कीको काम, कारवाही सम्बन्धमा सर्वसाधारणमा सूचना प्रवाह हुने तथा सुधारको सम्बन्धमा पृष्ठपोषण प्राप्त हुने अपेक्षा लिएको छु । साथै सुचनामा सर्वसाधारण नागरिकहरुको हकको सुनिश्चतता प्रदान गर्न यस परियोजना कार्यालय प्रतिबद्ध रहेको व्यहोरा अनुरोध छ ।

**विदुरमान श्रेष्ठ**
परियोजना प्रमुख
**परियोजना प्रमुख**
मिति : २०८०।०४।०१

नेपाल सरकार
ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
रुपाताल संरक्षण एकीकृत विकास परियोजना
पोखरा, कास्की

## १. रुपाताल संरक्षण एकीकृत विकास परियोजना, पोखरा, कास्की

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७३/०८/१२ को निर्णय अनुसार यस रुपाताल संरक्षण एकीकृत विकास परियोजना कार्यालयको स्थापना भएको हो । रुपातालले एकातिर सो क्षेत्रको सौन्दर्यता बढाउने काम गरेको छ भने अर्कोतिर जैविक विविधताको जगेर्ना पनि गरिरहेको छ ।

परियोजनाले रुपातालमा रहेको जैविक विविधताको संरक्षण गरी आय आर्जन तथा पर्यटन विकासमा समेत टेवा पुग्ने गरि रुपातालमा वाध वनाइ साविकको पानीको गहिराईलाई करिव ४ मि. ले वृद्धि गरी तालको क्षेत्रफल १२२ हे . वाट १८३ हे. पुऱ्याउने, जलाधार क्षेत्रको संरक्षण, जलचरको संरक्षण, पर्यावरणीय पर्यटन विकास, रोजगारी सृजना, वातावरणीय सन्तलन कायम गर्दै जलवायु परिर्वतनका असर न्यनिकरणको लागी रुपाताल संरक्षण तथा विकास गर्ने जस्ता कार्यहरु समेटेको छ । जल उत्पन्न प्रकोपहरुको न्युनीकरण गर्ने, बाढी, पहिरो, भूक्षय जस्ता प्राकृतिक प्रकोप र नदी व्यवस्थापन सँग सम्बन्धित कार्यहरु गर्नुका साथ साथै लिफ्ट सिंचाइका योजनाहरु सञ्चालन गर्नु यस कार्यालयको प्रमुख लक्ष्य रहेको छ ।

**दृष्टिकोण :**

- तालको अस्तित्व संकटमा पर्ने यर्थाथ लाई दृष्टिगत गर्दै तालको संरक्षण गर्दै साविक आकार र गहिराइ पुर्नस्थापित गराउने ।
- रुपातालको जैविक विविधताको संरक्षण गरी पर्यटन प्रर्वद्धन लाई वढावादिदै स्थानीय जनताको जीविकोपार्जनमा टेवा पुऱ्याउने यस परियोजनाको दृष्टिकोण रहेको छ ।

**उद्देश्य :**

✓रुपातालको जैविक विविधताको संरक्षण गरी पर्यटन प्रर्वद्धनमा टेवा पुऱ्याउने ।

✓परियोजनाको बांध निर्माण, नदी, खोला व्यवस्थापन तथा अन्य लिफ्ट सिंचाइहरु निर्माणका कार्य गर्ने ।

✓बाढी, पहिरो जस्ता जल उत्पन्न प्रकोपहरुको संरचनागत तथा गैरसंरचनागत प्रविधिबाट रोकथाम गरी सो बाट हुन सक्ने जनधनको क्षति न्यूनीकरण गर्नु र नदी, जलाधार क्षेत्र तथा जलजन्य पर्यावरणको संरक्षण गरी प्राकृतिक स्रोत साधन जस्ता पूर्वाधारका उपयोगिता लाई दिगो बनाउने ।

✓नदी तथा पहिरो व्यवस्थापन कार्यमा संलग्न सरकारी तथा स्थानीयनिकाय, गैरसरकारी एवम् सामुदायिक संघ, संस्थाका साथै निजी क्षेत्र सँग समन्वयात्मक ढंगले कार्य गर्दै जाने ।

✓उपलव्ध जलस्रोतको समुचित उपयोग गर्न सिंचाइ गुरुयोजनाको मर्मलाई आत्मसात गर्दै सिंचाइ क्षेत्रको दिगो विकास एवं विस्तार गर्दै कृषि उत्पादकत्वको अभिवृद्धि गर्ने ।

✓कृषि योग्य जमिनमा सिंचाइको विकास तथा विस्तार गरी वर्षैभरी भरपर्दो सिंचाइ सुविधा पुऱ्याउने ।

✓सिंचाइ तथा जल उत्पन्न प्रकोप व्यवस्थापनका लागि निर्मित संरचनाहरूको समयमै उचित मर्मत संभार गरी दिगो र भरपर्दो बनाउने साथै प्रभावकारी जल व्यवस्थापन तथा आधुनिकीकरण गर्ने ।

✓नदी तथा जलाधार व्यवस्थापनका लागि उपयुक्त प्रविधिको विकास तथा प्रयोग आवश्यक संरचनागत तथा गैरसंरचनागत कार्य गरी जल उत्पन्न प्रकोपबाट हुने क्षति न्यूनिकरण गर्ने साथै जोखिम रहित जग्गा उकास गर्ने ।

✓ठुला प्रकृतिका पहिरोहरुको ब्यवस्थापनका लागि आवश्यक अध्ययन, अनुसन्धान र संरचनागत तथा गैरसंरचनागत कार्य गरी जनधनको क्षति न्यूनिकरण गर्ने ।

✓सिंचाइ तथा जलउत्पन्न प्रकोप व्यवस्थापनका पुर्वाधार सम्बन्धी सूचना व्यवस्थापन प्रणालीको विकास तथा सुदृढीकरण गर्ने ।

✓सिंचाइ, जल उत्पन्न प्रकोप, पहिरो र जलाधारको विकास एवं व्यवस्थापन को लागि संस्थागत विकास , संगठनात्मक सुधार तथा यस क्षेत्रमा कार्यरत जनशक्तिहरूको क्षमता अभिवृद्धि गर्ने ।

✓जलवायु परिवर्तनको प्रभावलाई सम्बोधन गर्न जलवायु जोखिम व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु अनुकूलन र अल्पीकरण (Adaptation and Mitigation) अवधारणलाई जलश्रोत तथा सिंचाइको विकास कार्यमा समावेश गर्दै सञ्चालन गर्ने ।

**परियोजनाको कार्यक्षेत्र:**

क) रुपाताल संरक्षण एकिकृत विकास परियोजना रुपा गा.पा. तथा पोखरा म.न.पा. कास्की ।
ख) जोखिम युक्त जिल्ला सदर मुकाम संरक्षण कार्य वेनी वजार, म्याग्दी र वारी वेनी वजार, पर्वत ।
ग) एकिकृत उर्जा विकास कार्यक्रम स्याङ्गजा, कास्की,वाग्लुङ्ग, पर्वत, म्याग्दी तथा मुस्ताङ्ग जिल्ला ।

**क) रुपाताल संरक्षण एकिकृत विकास परियोजना:** आ.व. २०७३/०७४ मा स्थापना भएको भएता पनि गुरुयोजनाको स्वीकृति, परियोजनालाई आवश्यक पर्ने जग्गाको विवरण तयार गर्ने कार्य, स्रोत सुनिश्चितता, योजनाको रजिष्ट्रेशन, राष्ट्रिय योजना आयोगवाट योजना स्वीकृत, वातावरणीय प्रभाव मूल्यांकन स्वीकृतिको काम पुरा नभएकोले सालवसाली रुपमा काम हदै आईरहेको थियो । आ.व. २०७६/०७७ मात्र माथी उल्लेखित प्राय सवै प्रकृया पुरा गरी योजनाले मुहुर्त रुप धारण गरे पश्चात मात्र व्यवस्थीत रुपमा वहुवर्षिय ठेक्का व्यवस्थापन गर्न थालिएको छ । सो अनुरुप मुख्य निर्माण

नेपाल सरकार
उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
रुपाताल संरक्षण एकीकृत विकास परियोजना
पोखरा, कास्की

कार्य मध्य क) वाँध, स्पील–वे कम वृज, गाईड वण्ड तथा आवश्यक संरचना निर्माण ख) वर्षै भरि सेवा सुविधा दिन सक्ने ७.८ कि.मी. लामो मोटरेवल पक्की वाटो निर्माण ग) सिल्ट ट्रयाप निर्माण घ) वेड वार निर्माण ड.) मल्टि सेलुलर आर.सि.सि. कल्भर्ट जस्ता महत्वपूर्ण संरचना निर्माण कार्यको ठेक्का व्यवस्थापन गरी निर्माण कार्य भई रहेका छन् । परियोजनाको निर्माण अवधि आ.व. २०८०/०८१ सम्म सम्पन्न गर्ने लक्ष्य रहेको छ ।


**ख) जोखिम युक्त जिल्ला सदर मुकाम संरक्षण कार्य:** वेनी वजार, म्याग्दी र वारी वेनी वजार, पर्वत । देश संघीयतामा गए पश्चात् समायोजन तथा पुन संरचना हुँदा रुपाताल परियोजनाको अलवा संघ अर्न्तगत रहेको जोखिम युक्त जिल्ला सदर मुकाम संरक्षण वेनी वजार, म्याग्दीको संरक्षण कार्यक्रम पनि यसै परियोजना अन्तरगत रही सम्पादन गर्दै आइ रहेको भएता पनि थप काम गर्नु पर्ने छुट भएका स्थानमा यसै आ.व.मा वेनी वजार म्याग्दी, र वेनी वजार पर्वत गरि दुवै तर्फको करिव ३.५ कि.मी. सम्मको गुरु योजना तयार गरी हालै मात्र विभागवाट स्वीकृत गराई ठेक्का वन्दोवस्तका लागि सूचना प्रकाशित भएको छ । यसै गरी विभागवाट प्रत्यायोजन गरिएका भैपरि आउने, आकस्मिक नदी नियन्त्रण, संरक्षणका र मर्मत कार्यक्रमका काम पनि गर्दै आएको छ । यसको भौतिक प्रगति करिव ६५% सम्पन्न भएको छ भने वाँकि निर्माण कार्य अवधि आ.व. २०८०/०८१ सम्म सम्पन्न गर्ने लक्ष्य रहेको छ ।

**ग) एकिकृत उर्जा विकास कार्यक्रम:** संघीय सरकारको कार्यक्रम अन्तरगत रहेको एकीकृत उर्जा विकास कार्यक्रम पर्वत, वाग्लुङ्ग, म्याग्दी, मुस्ताङ्ग, स्याङ्गजा र कास्की जिल्लाहरुमा लिफ्ट सिंचाइहरुको पहिचान तथा निर्माण कार्य पनि यसै परियोजना कार्यालय वाट नै सम्पादन गर्दै आएको छ ।

परियोजना प्रमुख

नेपाल सरकार
ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
फेवाताल संरक्षण एकीकृत विकास परियोजना
पोखरा, कास्की

## २. संगठनात्मक स्वरुप




## ३. कर्मचारी दरबन्दी र पदपूर्तिको अवस्थथ

| सि. नं | पद | श्रेणी | दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सि.डि.ई. (परियोजना प्रमुख) | रा.प. द्धितीय | १ | १ | ० | |
| २ | इन्जिनियर | रा. प. तृतीय | ३ | ४ | ० | |
| ३ | लेखा अधिकृत | रा. प. तृतीय (लेखा) | १ | १ | ० | |
| ४ | सव-इन्जिनियर | रा.प.अन. प्रथम | ४ | ३ | १ | |
| ५ | ना.सु. | रा.प. अन.प्रथम | १ | १ | ० | |
| ६ | स.क.अ. | रा.प. अन..द्धतीय | १ | १ | ० | |
| ७ | स.चा | श्रेणीविहिन | २ | २ | ० | |
| ८ | का.स. | श्रेणीविहिन | १ | १ | ० | |
| | जम्मा | | १४ | १३ | १ | |

## ४. कार्यक्षेत्र तथा परियोजनाबाट प्रदान गरिने सेवाहरु

नेपाल सरकार
ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
रुपाताल संरक्षण एकीकृत विकास परियोजना
पोखरा, कास्की

रुपातालको जैविक विविधताको संरक्षण गरी पर्यटन प्रर्वद्धनमा टेवा पुऱ्याउने, परियोजनाको बांध निर्माण, रुपातालको लागि अधिग्रहण गरिएको जग्गाको मुआब्जा वितरण, नदी, खोला नियन्त्रण तथा अन्य निर्माणका कार्य गर्न परियोजनाको कार्यक्षेत्र कास्की जिल्ला पर्दछ भने जोखिमयुक्त जिल्ला सदरमुकाम बचावट कार्यक्रम बेनी म्याग्दी, पर्वत र लिफ्ट सिंचाइ योजना गण्डकी प्रदेशका विभिन्न जिल्लाहरु (कास्की, स्याङ्गजा, पर्वत, बाग्लुङ्ग, म्याग्दी तथा मुस्ताङ्ग )मा रही सिंचाइ सम्बन्धी कार्य लगाएत नदी नियन्त्रणका संरचनाहरुको उचित मर्मत संभार, प्रभावकारी जल व्यवस्थापन, आधुनिकीकरण गर्ने ,नयाँ  लिफ्ट सिंचाइ योजनाहरुको निर्माण गरी वर्षैभरी भरपर्दो सिंचाइ सेवा पुऱ्याउने ,जल उत्पन्न प्रकोपहरु बाढी, पहिरो ,भू:क्षय रोकथाम, ग्याविन जाली वितरण तथा नदी नियन्त्रण सँग सम्बन्धित कार्यहरु गर्दछ ।

## ५. सेवा प्रदान गर्ने शाखाहरुको जिम्मेवार अधिकारीको टेलिफोन नम्बरहरु

| क.स. | कर्मचारीको नाम | पद | सम्पर्क नं. | शाखा |
|---|---|---|---|---|
| १ | बिदुरमान श्रेष्ठ | सि.डि.ई. | ०६१-५६४४८४, ९७४८४२१२०१ | परियोजना प्रमुख |
| २ | राम बहादुर रानाभाट | इन्जिनियर | ९७४८४२१२०३ | योजना शाखा, |
| ३ | कृष्ण बहादुर वि.क. | इन्जिनियर | ९७४८४२१२०४ | योजना शाखा, |
| ४ | दिपक बहादुर थापा | इन्जिनियर | ९८४६५३११६३ | योजना शाखा, |
| ५ | नरजंग गुरुङ्ग | इन्जिनियर | ९७४८४२१२०६ | योजना शाखा, |
| ६ | दिपक प्रसाद शर्मा | लेखा अधिकृत | ९७४८४२१२०५ | आर्थिक प्रशासन |
| ७ | डोलराज खनाल | ना.सु | ९७४८४२१२०२ | प्रशासन |
| ८ | बद्रि प्रसाद भट्टराई | सव-इन्जिनियर | ९८५६०८८५३० | योजना शाखा, |
| ९ | सुनिता गैह्रे | सव-इन्जिनियर | ९७४८४२१२०८ | योजना शाखा, |
| १० | अशोक तिम्सीना | सव-इन्जिनियर | ९७४८४२१२१० | योजना शाखा, |
| ११ | हिरामणि चौधरी | स.कम्प्युटर अपरेटर | ९७४८४२१२०९ | प्रशासन |

नेपाल सरकार
ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
रुपाताल संरक्षण एकीकृत विकास परियोजना
पोखरा, कास्की

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर**

सेवावापत दस्तुर नलाग्ने, कार्यक्रम संचालन गर्दा निर्माण कार्यमा जनसहभागिता आवश्यक पर्ने ।

**७ सेवा प्राप्त गर्न लाग्ने अवधि**

आपतकालिनको लागि यथासिघ्र र अन्यको हकमा स्वीकृत वार्षिक कार्यक्रम अनुसार

**८. निर्णय गर्ने प्रक्रिया र अधिकार**

प्रचलित कानुन बमोजिम

**९. गुनासो  सुन्ने अधिकारी**

परियोजना प्रमुख विदुर मान श्रेष्ठ

**१०. सूचना अधिकारीको नाम**

इन्जिनियर कृष्ण बहादुर वि.क.

**११. सम्पादित कामको विवरण**

यस परियोजना अर्न्तगत यस आ.व.२०७९/०८० मा निर्माण तथा अन्य काम तर्फ सम्पादन गरिरहेको निम्ना नुसारको कार्य रहेको छ ।

**रुपाताल परियोजनाको हाल संम्मको प्रगतिः** परियोजनाको भौतिक तथा वित्तिय प्रगति सम्वन्धमा शुरु आ.व.२०७३/०७४ देखि आ.व. २०७८/०७९ सम्मको तपसिल वमोजिम प्रगति भएको छ । वातावरण तथा ताल संरक्षणको लागि जलाधार क्षेत्रवाट वर्षादको याममा खोलामा आउने माटो तथा गेग्रान रोक्न, खोला नालाले दाँया वाँया किनाराको जमिनको कटान रोक्न र संरक्षणका लागि साना ठूला गरी तपसिल वमोजिमका संरचना निर्माण भई सकेका छन् ।

**रुपाताल भौतिक संरचना निर्माण कार्यः**

१) वातावरण तथा नदी नियन्त्रण तर्फः

- ९० वटा चेक ड्याम, २८०० मी. रिभेटमेन्ट, ७० वटा कन्जर्वेशन पोण्ड निर्माण सम्पन्न
- ३ वटा सिल्ट ट्रयाप निर्माण सम्पन्न
- ७ वटा कंकिट बेड बार निर्माण सम्पन्न
- १७५० मी. इम्बेंक्मेन्ट बनाउने काम सम्पन्न भएको
- जलाधार क्षेत्रमा वायो इंजिनियरिङ्गको काम थालनी भइरहेको ।

नेपाल सरकार
ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
रुपातालको संरक्षण एकीकृत विकास परियोजना
पोखरा, कास्की

२) वांध, स्पीलवे कम वृज तथा गाइड वण्ड तर्फ:

- डिजाइन विल्ड प्रकृया अन्तरगत ठेक्का वन्दोवस्त भई निर्माण व्यवशायीले अध्ययन तथा डिजाइन तयार गरी स्वीकृति भैसकेको ।
- ८१५ मी. लामो अस्थाई इंक्लोजर कफर्ड ड्याम तयार भएको छ ।
- ४५० मी. लामो पानी फर्काउने अस्थाई च्यानल वनेको छ, ।
- डिजाइन स्वीकृत पश्चात ३१ महिना भित्र निर्माण संम्पन्न गर्ने लक्ष्य रहेको छ ।

३) पक्की कालो पत्रे सडक (पंहुच मार्ग ७.८ कि.मि.) तर्फ:

- ठेक्का वन्दोवस्त भई निर्माण व्यवशायीले कन्स्ट्क्शन ड्ईङ्ग स्वीकृत गराई करिव ६.० कि.मी.संम्म आंशिक रुपमा ट्र्याक कटिङ्ग भएको छ ।
- सडक साईडमा ग्यावियन वाल १०५० मी.लम्वाइ र आर.आर.मेसनरी वाल १८५० मी लम्वाई को साथै २५ वटा ह्यूम पाईप कस डेनेज लेईङ्ग भएको छ । उक्त ठेक्का आ.व. २०८०/०८१ संम संम्पन्न गर्ने लक्ष्य रहेको छ ।

४) बाँध रहने ठाउँ कटहरे टुंडा देखि माथि रुपा ज्योति विद्यालय तल करिव ६.९० कि.मी. पैदल मार्ग ( Eco- Trail) मध्ये १३६५ को ट्रयाक खोल्ने र केहि संरक्षण कार्य सम्पन्न भएको छ ।

५) आवस्यक संरचना तथा तालको संरक्षणको लागि आवश्यक पर्ने जग्गा १४७२ (सरकारी तथा व्यक्तिगत समेत) रोपनी जग्गा आवस्यक पर्ने मध्ये हाललाई ९९५ रोपनी जग्गाको लागि मुअव्जा लिन आउने सूचना प्रकाशित गरिएको छ । प्रकाशित सूचना मध्ये हाल संम्म ६५५ रोपनी जग्गा अधिग्रहण गरि सकिएको छ ।

६) वन तथा वातावरण मन्त्रालयको निर्णय मिति २०७६/०९/१८ अनुसार परियोजनाको EIA स्वीकृत भई सकेको छ । परियोजनाले संरचना निर्माण गर्ने स्थानमा पर्ने रुखहरु हटाउने प्रकृया अगाडि वढाईरहेको र नियमानुर नयां रुखहरु रोप्न पर्ने भएकोले वर्षेनी विरुवा उत्पादन गरि रोप्ने कार्य समेत भईरहेको छ ।

७) राष्ट्रिय योजना आयोगवाट परियोजनाको स्वीकृति र विभागवाट योजनाको रजिष्ट्रेशन भई सकेको छ ।

८) वित्तिय तथा प्रगति विवरण: परियोजनाको जम्मा लागत जम्मा रु ४ अर्व ५२ करोड ८८ लाख मध्ये रु २ अर्व ३३ करोडको स्रोत सुनिश्चितता तथा गुरु योजना स्वीकृत भएको छ ।

**निर्माण तर्फ :**

- जलाधार संरक्षण, विरुवा उत्पादन तथा Bio Engineering का कामहरु भएको ।
- १ वटा Bridge निर्माण सम्पन्न भएको ।
- Bed Bar/ Check Dam निर्माण (नदी नियन्त्रण सम्बन्धी कार्य)
- Approach Road निर्माण कार्य भैरहेको ।
- सिल्ट ट्र्याप निर्माण सम्पन्न भएको ।



परियोजना प्रमुख

नेपाल सरकार
ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
रुपाताल संरक्षण एकीकृत विकास परियोजना
पोखरा, कास्की

- Foot Trail लागि बाँकी रुख कटानको लागि वन मन्त्रालयमा फाईल पेश ।
- वाध निर्माणको लागि Field Investigation को काम सम्पन्न गरी स्वकिृतिको लागि फाइल पेश भएको ।
- जोखिमयुक्त जिल्ला सदरमुकाम बचावत कार्यक्रम अन्तर्गत बेनी बजार, पर्वत जिल्ला लगायत अन्य नदी व्यवस्थापनका लागि २.५ कि.मी. तटवन्ध गरी करिव ६० रोपनी जग्गा उकास भएको कार्य गर्ने ।
- लिफ्ट सिंचाई योजना अन्तर्गत गण्डकी प्रदेशको विभिन्न जिल्लामा गरी जम्मा ५ वटा लिफ्ट सिंचाइ योजनाको ठेक्का सम्झौता प्रकृया अगाडी वढाई निर्माण कार्य अगाडी वढाइएको तथा थप ५ वटाको विस्तृत अध्ययन कार्य पुरा भएको ।

  यस आ.व.को विनियोजित वजेट तथा खर्च प्रगति

**बार्षिक प्रगति प्रतिवेदन** — बजेट फा.नं.६.०४.०१

| | | | | |
|---|---|---|---|---|
| १. आ.व.:- २०७९।०८० | | | | रा.यो.आ.(अमृ) फा.नं.१ |
| २. बजेट उपशिर्षक नं.:-३०८०३१०६४ | | ७. यस अवधिको खर्च रकम र प्रतिश | २२७५.२७ | १२. शोध भर्ना स्थिति:- |
| ३. मन्त्रालयः- उर्जा, जलश्रोत तथा सिचाइ मन्त्रालय | | क) आन्तरिक १) नेपाल सरकार:- | ९०.०८% | क) मार्गु पर्ने रकम:- |
| ४. कार्यक्रम /आयोजनाको नाम:- नदी नियन्त्रण | | २) स्थानिय निकाय/संस्था:- | | ख) माग गरेको रकम:- |
| ५. आयोजना/ कार्यालय प्रमुखको नाम:- श्री विदुर मान श्रेष्ठ | | ३) जनसहभागिता:- | | ग) प्रास हुन बाकी रकम:- |
| ६. यस अवधिको बजेट रु.:- | २५२५.८ | ख) वैदेशिक १. ऋण | | |
| क) आन्तरिक १) नेपाल सरकार:- | २५२५.८ | २. अनुदान:- | | |
| २) संस्था:- | | ८. चालु आ.व.को हाल सम्मको खर्च रकम र प्र | २२७५.२७ | |
| ३) जनसहभागिता:- | | ९ कुल लागत मध्ये शुरु देखि यस अवधिसम्मको कुल खर्च र | ४२.६२% | |
| ख) वैदेशिक १) ऋण:- | | १० आयोजनाको शुरु देखि यस अवधि सम्मको भौतिक प्रगति | ४५.३९% | |
| २) अनुदान:- | | ११ आयोजना कुल अवधि मध्ये वितेको समय प्रतिशतमा:- | | |
| | | | | (रकम रु.लाखमा) |

**बार्षिक प्रगति प्रतिवेदन** — बजेट फा.नं.६.०४.०१


| | | | | |
|---|---|---|---|---|
| १. आ.व.:- २०७९।०८० | | | | रा.यो.आ.(अमृ) फा.नं.१ |
| २. वजेट उपशिर्षक नं.:-३०८०३११८४ | | ७. यस अवधिको खर्च रकम र प्रतिश | २१४६.५२ | १२. शोध भर्ना स्थिति:- |
| ३. मन्त्रालयः- उर्जा, जलश्रोत तथा सिचाइ मन्त्रालय | | क) आन्तरिक १) नेपाल सरकार:- | ९२.७३% | क) मार्गु पर्ने रकम:- |
| ४. कार्यक्रम /आयोजनाको नाम:- टार बजार सम्रक्षण / रुपाताल सम्रक्षण एकीकृत विकास | | २) स्थानिय निकाय/संस्था:- | | ख) माग गरेको रकम:- |
| ५. आयोजना/ कार्यालय प्रमुखको नाम:- श्री विदुर मान श्रेष्ठ | | ३) जनसहभागिता:- | | ग) प्रास हुन बाकी रकम:- |
| ६. यस अवधिको वजेट रु.:- | २३१४.८ | ख) वैदेशिक १. ऋण | | |
| क) आन्तरिक १) नेपाल सरकार:- | २३१४.८ | २. अनुदान:- | | |
| २) संस्था:- | | ८. चालु आ.व.को हाल सम्मको खर्च रकम र प्रतिश | ९२.७३% | |
| ३) जनसहभागिता:- | | ९ कुल लागत मध्ये शुरु देखि यस अवधिसम्मको कुल खर्च र प्रतिशत:- | | |
| ख) वैदेशिक १) ऋण:- | | १० आयोजनाको शुरु देखि यस अवधि सम्मको भौतिक प्रगति प्रतिशत:- | | |
| २) अनुदान:- | | ११ आयोजना कुल अवधि मध्ये वितेको समय प्रतिशतमा:- | | |
| | | | | (रकम रु.लाखमा) |


**बार्षिक प्रगति प्रतिवेदन** — बजेट फा.नं.६.०४.०१

| | | | | |
|---|---|---|---|---|
| १. आ.व.:- २०७९।०८० | | | | रा.यो.आ.(अमृ) फा.नं.१ |
| २. वजेट उपशिर्षक नं.:-३०८०३१२७४ | | ७. यस अवधिको खर्च रकम र प्रतिश | ८६.५२ | १२. शोध भर्ना स्थिति:- |
| ३. मन्त्रालयः- उर्जा, जलश्रोत तथा सिचाइ मन्त्रालय | | क) आन्तरिक १) नेपाल सरकार:- | ४५.५१% | क) मार्गु पर्ने रकम:- |
| ४. कार्यक्रम /आयोजनाको नाम:- एकीकृत उर्जा तथा सिंचाई विशेष कार्यकम/ रुपाताल समक्षण एकीकृत विकास परियोजना | | २) स्थानिय निकाय/संस्था:- | | ख) माग गरेको रकम:- |
| ५. आयोजना/ कार्यालय प्रमुखको नाम:- श्री विदुर मान श्रेष्ठ | | ३) जनसहभागिता:- | | ग) प्रास हुन वाकी रकम:- |
| ६. यस अवधिको वजेट रु.:- | १९०.१ | ख) वैदेशिक १. ऋण | | |
| क) आन्तरिक १) नेपाल सरकार:- | १९०.१ | २. अनुदान:- | | |
| २) संस्था:- | | ८. चालु आ.व.को हाल सम्मको खर्च रकम र प्रतिश | ८६.५२ | ४५.५१% |
| ३) जनसहभागिता:- | | ९ कुल लागत मध्ये शुरु देखि यस अवधिसम्मको कुल खर्च र प्रतिशत:- | | |
| ख) वैदेशिक १) ऋण:- | | १० आयोजनाको शुरु देखि यस अवधि सम्मको भौतिक प्रगति प्रतिशत:- | | |
| २) अनुदान:- | | ११ आयोजना कुल अवधि मध्ये वितेको समय प्रतिशतमा:- | | |
| | | | | (रकम रु.लाखमा) |

नेपाल सरकार
उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
फेवाताल संरक्षण एकीकृत विकास परियोजना
पोखरा, कास्की

**परियोजना अन्तर्गत निर्माण भएका केही संरचनाहरु**







परियोजना प्रमुख

नेपाल सरकार
ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
फेवाताल संरक्षण एकीकृत विकास परियोजना
पोखरा, कास्की

Nepal

## Dam & Spillway





Nepal

## Kaligandaki River Training (Parbat)







परियोजना प्रमुख